वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
bhanjyangnews.com
# भञ्ज्याङ
BHANJYANG NATIONAL DAILY
राष्ट्रिय दैनिक






## बन्दीपुर गाउँपालिका र अस्पतालको सहकार्यमा "गाउँमै स्वास्थ्य सेवा अभियान"

# 'अस्पताल टाढा थियो, डाक्टर गाउँमै आए' : सेवाग्राही

**भञ्ज्याङ समाचारदाता/बन्दीपुर**

तनहुँको बन्दीपुर गाउँपालिका-६ धरमपानीमा बुधबार बन्दीपुर अस्पतालले घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरेको थियो । अस्पतालले गाउँमै शिविर सञ्चालन गर्ने थाहापाएपछि स्थानीय सुशिला गुरूङ पनि उपचार सेवा लिनका लागि आइपुगेकी थिइन् ।

२८ वर्षीया सुशिला ३२ हप्ताको गर्भवती थिइन् । आफ्नो गर्भ र गर्भमा भएको शिशुको अवस्थाका विषयमा जानकार हुन चाहेपनि त्यसका लागि उनलाई सहज थिएन । अस्पतालले सञ्चालन गर्ने शिविरमा डा. राजेश रेग्मीबाट अल्ट्रासाउन्ड जाँच गराएर आफ्नो गर्भ र शिशुको अवस्था जानकार हुँदा उनि निकै खुशी देखिन्थिन् ।

अल्ट्रासाउन्ड गराउन बन्दीपुर, डुम्रे, दमौली वा पोखरा जानुपर्ने अवस्था थियो। खर्च, यात्रा र साथमा लैजान मान्छे खोज्नुपर्ने झन्झटले उनले जाँच गराउन सकेकी थिइनन् । तर बुधबार धरमपानी स्वास्थ्य चौकीमै बन्दीपुर अस्पतालको चिकित्सकीय टोलीले दिएको उपचार सेवाले उनि खुशी हुँदै भनिन्, 'पहिलो पटक गाउँमै यस्तो सेवा पाएँ, अस्पताल टाढा थियो, डाक्टर गाउँमै आए ।'

सुशीलाजस्तै धेरै स्थानीयका लागि गाउँपालिका र अस्पतालको सहकार्यमा सञ्चालन भएका घुम्ती स्वास्थ्य शिविर राहत मात्र होइन, आशाको आधार बन्दै गएका छन् ।

बन्दीपुर गाउँपालिका र गाउँपालिका अन्तर्गतको बन्दीपुर अस्पतालले ग्रामीण क्षेत्रका बासिन्दालाई लक्षित गर्दै 'गाउँमै स्वास्थ्य सेवा अभियान' सञ्चालन गर्दै आएका छन् । यसरी सञ्चालन गरिएको स्वास्थ्य सेवा प्रभावकारी बन्नुका साथै ग्रामीण क्षेत्रका बासिन्दाले सहज रूपमा स्वास्थ्य सेवा लिदै आएका छन् ।

गाउँपालिका र अस्पतालको सहकार्यमा ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएका घुम्ती स्वास्थ्य शिविर तथा विशेषज्ञ स्वास्थ्य कार्यक्रम प्रभावकारी बन्दै गएको गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापा बताउँछन् । माघ महिनामा सञ्चालन गरिएका विभिन्न कार्यक्रमबाट सयौंको संख्यामा स्थानीय लाभान्वित भएको उनले बताए ।

'स्वास्थ्य सेवामा सर्वसाधारण नागरिकको पहुँच सहज बनाउन गाउँपालिकाले महिनामा एक दिन प्रत्येक स्वास्थ्य संस्थाबाट बन्दीपुर अस्पतालसम्म दुईतर्फी निःशुल्क बस सेवा सञ्चालन गर्दै आएको छ', अध्यक्ष थापाले भने, 'दुर्गम क्षेत्रका नागरिकलाई अस्पतालसम्म ल्याउन-लैजान उक्त सेवा प्रभावकारी बन्दै गएको छ ।'



बन्दीपुर अस्पतालले बुधबार धरमपानी स्वास्थ्य चौकीमा सञ्चालन गरेको घुम्ती शिविरमा अल्ट्रासाउन्ड प्रविधिबाट गर्भवती महिला र शिशुको अवस्था परीक्षण गरिदै । *तस्विर : भञ्ज्याङ*

**गाउँमै स्वास्थ्य, बढ्दो विश्वास**

ग्रामीण क्षेत्रमा अस्पतालसम्म पुग्न समय, पैसा र यातायात सबै चुनौतीपूर्ण हुन्छन्। त्यसमाथि महिला र ज्येष्ठ नागरिकका लागि झन् कठिन । यस्ता घुम्ती शिविरले त्यो दूरी घटाइदिएको बन्दीपुर गाउँपालिका-६ धरमपानीकी केशु गुरूङ बताउँछिन् । उनले भनिन्, 'यो कार्यक्रम सोचेभन्दा धेरै प्रभावकारी देखिएको छ। समुदायमा देखिएको उत्साहले आगामी दिनमा यस्ता कार्यक्रमको निरन्तरताका लागि गाउँपालिका र अस्पताललाई थप प्रेरणा समेत मिलेको देखिन्छ।'

गाउँपालिका र अस्पतालबीचको सहकार्यले स्वास्थ्य सेवा पहुँच विस्तारमा स्थानीय तहको सक्रियता कति प्रभावकारी हुन सक्छ भन्ने उदाहरण प्रस्तुत गरेको वडा नं. १ का वडा अध्यक्ष शिवकुमार श्रेष्ठले बताए । उनले भने, 'गाउँमै विशेषज्ञ सेवा, नसर्ने रोगको प्रारम्भिक जाँच, जनचेतनामूलक कार्यक्रम र खोप अभियान जस्ता कार्यक्रमले ग्रामीण स्वास्थ्य प्रणालीलाई सुदृढ बनाउने संकेत देखाएको छ ।'

वडाअध्यक्ष श्रेष्ठले भने, 'ग्रामीण क्षेत्रका बासिन्दालाई त धेरै ठूलो कुरा चाहिँदैन, समयमै उपचार पाउनु पनि ठूलो कुरा हो, स्वास्थ्य सेवा गाउँमै पुग्दा परिवर्तनको सुरूआत त्यहीँबाट हुन्छ भन्ने हामीले महशुस गरेका छौ । बन्दीपुरमा त्यो सुरूआत देखिन थालेको छ ।'

यस्तै, अस्पतालले मंगलबार सारङ्घाट शहरी स्वास्थ्य केन्द्रमा सञ्चालन गरेको शिविरमा ३३ महिला र १३ पुरूष गरी ४६ जनाले सेवा लिएका छन्। बुधबार धरमपानी स्वास्थ्य चौकीमा आयोजित शिविरमा ४४ महिला र १८ पुरूष गरी ६२ जना सेवाग्राही लाभान्वित भएका छन्। दुई दिनमा कुल १०८ जनाले गाउँमै स्वास्थ्य परीक्षण, परामर्श तथा औषधि सेवा पाएको अस्पतालका प्रमुख डा. अनिल गिरीले बताए ।

गाउँपालिकाले उच्च रक्तचाप, मधुमेह, मुटुरोग र क्यान्सरजस्ता नसर्ने रोगको समयमै पहिचानका लागि समुदायस्तरमै 'मास स्क्रिनिङ' अभियान सञ्चालन गरिरहेको जनाएको छ । सारङ्घाटमा सञ्चालित शिविरमा सेवा लिन आएका अधिकांश सेवाग्राहीले शिविरमार्फत पहिलो पटक आफ्नो रक्तचाप असामान्य रहेको थाहा पाएको बताएका थिए । अस्पतालका अनुसार, प्रारम्भिक परीक्षण र जनचेतना अभिवृद्धिले दीर्घकालीन स्वास्थ्य जोखिम न्यूनीकरणमा महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

बाँकी तेश्रो पेजमा

# निर्वाचनमा गण्डकी प्रदेश : जलवायु परिवर्तनसंगै पूर्वाधार विकास, कृषि र पर्यटन नै प्रमुख चुनावी मुद्दा

**वासुदेव पौडेल/गण्डकी**

फागुन २१ को निर्वाचन नजिकिँदै गर्दा राजनीतिक दल तथा उम्मेदवारहरु बस्तीबस्तीमा मतदाता रिझाउन पुगिसकेका छन्। हिमाल पहाड र तराईमा समेटिएको गण्डकी प्रदेश देशको मध्यभागमा भएको प्रदेश पनि हो । गण्डकीमा हुने गरेको गतिविधिले समग्र देशलाई प्रतिनिधित्व गर्छ ।

हिमाल पारिका जिल्ला मनाङ, मुस्ताङदेखि पहाडी जिल्ला कास्की, स्याङ्जा गोरखा हुँदै तराईको जिल्ला नवलपुरसमेत जोडिएको यो प्रदेश ११ वटा जिल्लामा समेटिएको छ। उत्तरतर्फ चीनसँगको सिमाना कोराला र दक्षिणतर्फ भारतसँगको सिमाना त्रिवेणी जोडिएको प्रदेश भएका कारण यो दुबै छिमेकी राष्ट्रसँगको सिधा पहुँच भएको प्रदेश पनि हो। यहाँका ११ जिल्लामा रहेका १८ निर्वाचन क्षेत्रमा नै चुनावको तयारीमा दल तथा उम्मेदवारका गतिविधिहरु बढिरहेको छ ।

दल तथा उम्मेदवार वस्तीमा पस्दै गर्दा यतिखेर मतदाताहरु उम्मेदवारसँग विभिन्न प्रतिबद्धता खोजिरहेका छन् । जलवायु परिवर्तनको प्रत्यक्ष असर भोगिरहेको हिमाली क्षेत्रमा यसले पार्दै गएको असरको न्यूनीकरणको विषयलाई यहाँका स्थानीयले आसन्न निर्वाचनका उम्मेदवारहरुसँग प्राथमिकताका साथ उठाउने मुस्ताङको ठिनीका युवा निरज थकाली बताउनुहुन्छ ।

पछिल्लो समयमा हिमाली क्षेत्रमा जलवायु परिवर्तनले गम्भीर असर पारिरहेको बताउँदै उहाँले त्यसले गर्दा यहाँको कृषि प्रणालीमा पनि ठूलो प्रभाव पारिरहेको जानकारी दिनुभयो । "जलवायु परिवर्तनका कारण विगतमा हुने गरेको खेतीपाती हिमाली क्षेत्रमा हुन छोडेको छ", उहाँले भन्नुभयो, "किसानहरुले भोगिरहेको यस समस्यालाई न्यूनीकरण गर्नेतर्फ राज्यको चासो पुग्नु अपरिहार्य छ।" कृषिमा राज्यका तर्फबाट त्यही किसिमको लगानी हुनुपर्ने विषयमा चुनावमा भोट माग्न आउने उम्मेदवारसँग आफूहरु प्रतिबद्धता खोज्ने तयारीमा रहेको उहाँले बताउनुभयो ।

हिमाली क्षेत्रमा २०३२ सालदेखि अव्यवस्थित जग्गाको नापी हुन नसकेको र भूमिहीन सुकुम्बासीहरुलाई समस्या परिरहेको स्थानीयवासी बताउँछन्। सम्पन्न व्यक्तिहरुले जग्गामा स्याउलगायतका खेती गरे पनि भूमिहीनहरु त्यसबाट वञ्चित बनिरहेको उहाँले बताउनुभयो ।

पर्यटकीय गन्तव्य भए पनि त्यसको समुचित उपयोग हुन नसकेको बताउँदै उहाँले उपल्लो मुस्ताङलाई अर्धनिषेधित क्षेत्र कायम गरिँदा त्यसले विदेशी पर्यटकको आगमनलाई प्रभावित बनाएको बताउनुभयो । जलवायु पविर्तनको असरको न्यूनीकरणसँगै कृषि, पर्यटनलगायतका विषय नै यस क्षेत्रका प्रमुख चुनावी मुद्दा रहेको स्थानीयवासीहरु बताउँछन् ।

गण्डकी प्रदेशको 'लाइफलाइन'का रूपमा रहेको कोराला नाकालाई प्रभावकारी रूपमा सञ्चालन गर्नुपर्ने पर्यटन सम्बद्ध व्यवसायीहरु बताउँछन् । चीनसँगको सीधा सम्पर्क रहेको कोरला नाकालाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न सकिएमा त्यसले गण्डकी प्रदेशको मात्र नभै समग्र नेपालको समृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउने पोखरा पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउनुहुन्छ। "कोराला नाकाको उपयोगसँगै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट सिधा अन्तर्राष्ट्रिय उडान हुनु आवश्यक रहेको छ", उहाँले भन्नुभयो, "गण्डकी प्रदेश पर्यटनको प्रचुर सम्भावना भएको क्षेत्र भएका कारण पर्यटन प्रवर्द्धन र विकासलाई प्राथमिकता दिनु आवश्यक छ ।"

प्रदेशका प्राकृतिक एवं मानवनिर्मित सम्पदाले स्वदेशी वा विदेशी जो कोहीलाई लोभ्याउने गरेका छन् । तराईको नवलपुरदेखि हिमालपारिको जिल्ला मुस्ताङको लोमान्थाङ र मनाङ जिल्लामा पर्ने विश्वको सर्वोच्च उचाइको तिलिचो ताल लगायत प्राकृतिक छटा र सुन्दरता यहाँका प्रमुख पर्यटकीय आकर्षण हुन् । नदीनाला, मठमन्दिर र हिमशृङ्खलाको दृश्यावलोकनका गन्तव्यले गण्डकी प्रदेशमा पर्यटकलाई आकर्षित गर्दै आएको छ ।

प्रदेशभित्रका कास्की जिल्लामा पर्ने फेवाताल, तालबाराही मन्दिर, विन्ध्यवासिनी मन्दिर, मुस्ताङको मुक्तिनाथ, गोरखाको मनकामना,

बाँकी तेश्रो पेजमा

# गण्डकीका ९९.५ प्रतिशत घरमा विद्युत् सेवा

**भञ्ज्याङ समाचारदाता/गण्डकी**

गण्डकी प्रदेशका ९९.५ प्रतिशत घरमा विद्युत् सेवाको पहुँच पुगेको पाइएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपाल बहुसूचक सर्वेक्षण २०८१/८२ को प्रतिवेदन अनुसार अन्य प्रदेशको तुलनामा गण्डकीमा सबैभन्दा बढी घरमा विद्युत् सेवा पुगेको देखिएको हो। उक्त सर्वेक्षणको नतिजाअनुसार सबैभन्दा कम कर्णाली प्रदेशमा ८०.८ प्रतिशत घरमा विद्युत् सेवा पुगेको छ।

राष्ट्रिय रुपमा भने ९६.७ प्रतिशत घरमा विद्युत् सेवाको स्रोतमा निरन्तर पहुँच रहेको उक्त सर्वेक्षणको नतिजाले देखाएको छ। नेपाल बहुसूचक सर्वेक्षणको नतिजाले गण्डकी प्रदेशका सबै घरमा विद्युत् सेवा पुर्‍याएर 'उज्यालो गण्डकी' घोषणा गर्ने प्रदेश सरकारको लक्ष्य चाँडै पूरा हुने देखिएको छ । प्रदेश स्थापनापछि विसं २०७४ मा गठित सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले दुई वर्षभित्र सबै घरमा विद्युत् सेवा पुर्‍याउने निर्णय गरे पनि अझै केही घरमा विद्युत् सेवा नपुगेका कारण 'उज्यालो गण्डकी' घोषणा पछाडि धकेलिँदै आएको छ।

प्रदेशको ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयको ऊर्जा शाखा प्रमुख इञ्जिनियर जीवन श्रेष्ठका अनुसार नवलपुरका करिब ३५० घरमा विद्युत् सेवा विस्तार हुन अझै बाँकी छ। नेपाल विद्युत् प्राधिकरणले नवलपुरमा ठेक्कामार्फत विद्युत् विस्तारको काम गरिरहको उहाँले बताउनुभयो । प्रदेश सरकारले सोधभर्नाबापतको रकम प्राधिकरणलाई समयमा भुक्तानी गर्न नसक्दा पनि काम प्रभावित भएको इञ्जिनियर श्रेष्ठले जानकारी दिनुभयो ।

प्रदेश सरकारले नीति, कार्यक्रम र बजेटमासमेत बर्सेनि 'उज्यालो गण्डकी' घोषणको योजना समेट्दै आएको छ । "चालु आवमा विद्युत् विस्तारका लागि प्रदेश सरकारले रू १३ करोड बजेट छुट्टाएको छ। मन्त्रालयले गत वर्ष विद्युत् प्राधिकरण र स्थानीत तहसँगको समन्वयमा बिजुली नपुगेका घरधुरीको खोजी र पहिचान गरिसकेकाले सोहीअनुसार काम भइरहेको छ", इञ्जिनियर श्रेष्ठले भन्नुभयो ।

सरकारी संयन्त्रबाट पहिचान हुन नसकेका अवस्थामा बिजुली

बाँकी अन्तिम पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# सतीघाटको संरक्षण गरौं

ऐतिहासिक, धार्मिक, साँस्कृतिक, प्राकृतिक, साहित्यिक लगायत विविध आयमले परिपूर्ण छ हाम्रो मुलुक । ऐतिहासिक महत्व बोकेको सम्पदाको सामयिक रूपले विकास र प्रवर्द्धन गर्नसके आर्थिक उपाजर्नको पाटो बन्न सक्छन् । यस्तै सम्भावना र ऐतिहासिक महत्व बोकेको स्थान हो सतीघाट । भानु नगरपालिका–१ स्थित मर्स्याङ्दी नदी किनारमा रहेको यो सतीघाट ऐतिहासिक सहित धार्मिक महत्व बोकेको छ । आदिकवि भानुभक्त आचार्यको समाधीस्थल समेत रहेको सतीघाटको ऐतिहासिक महत्व रहेको छ । नेपाली भाषा एकीकरणका नायक आचार्यसँग सम्बन्धित कयौ विषयवस्तु तथा क्षेत्र खोज अनुसन्धान गर्नुपर्ने अवस्थामा छन् । नेपाली भाषाका कवि, लेखक, तथा दार्शनिकका रूपमा पहिचान बनाएका आदिकवि आचार्यलाई नेपाली साहित्यको जग बसाल्ने व्यक्तित्वका रूपमा चिनिन्छ । भानुभक्तसँग सम्बन्धित कयौं विषय हालसम्म पनि खोज तथा अनुसन्धान हुन सकेका छैनन् । आचार्यको जन्मस्थल, बाल्यकाल, युवा तथा वृद्धअवस्थाका धेरै विषयमा हालसम्म खोजी भएको पाइदैन । उनको अन्त्येष्टिका विषयमा पनि खोजी गर्नुपर्ने हुन्छ । तनहुँको भानु नगरपालिका–४ चुँदीरम्घास्थित धर्मशाला (शिखर कटेरी) मा वि.सं. १८७१ असार २९ गते जन्मिएका राष्ट्रिय विभूति आचार्यको बाल्यकाल, युवा र वृद्धावस्थालगायत विषयमा खोज तथा अनुसन्धान हुन सकेको छैन । जन्मस्थलका बारेमा प्रचारप्रसार र प्रवर्द्धन भएपनि अन्य विषय भने ओझेलमा छन् । भानुभक्तको विसं १९२५ असोज ७ गते देहावसन भयो । देहावसनको मिति लेखिएको शिलापत्र पाइन्छ। निधनपश्चात् पार्थिव शरीरको अन्त्येष्टि (समाधि) कहाँ गरियो ? भन्ने विषयमा कतिपय साहित्यकारहरू नै जानकार नहुन सक्छन् । जन्मस्थलको विकास, संरक्षण र प्रवर्द्धन भएपनि समाधिस्थलको प्रचारप्रसार नहुँदा गुमनाम जस्तै छ । यस विषयमा गहन अनुसन्धान हुन आवश्यक छ। आचार्यका बारेमा उनका सन्ततिका साथै सरकारी पक्षबाट विशेष अनुसन्धान गरिनुपर्ने खाँचो छ। भानुभक्तको जन्मस्थल र उनिसंग जोडिएका अन्य विषयका बारेमा जति प्रचारप्रसार हुनुपर्ने हो त्यति हुन सकेको छैन। अधिकांश व्यक्तिलाई भानुभक्तको जन्मस्थलका बारेमा जानकारी भएपनि उहाँसँग सम्बन्धित अन्य विषय तथा महत्वपूर्ण स्थानका बारेमा हालसम्म अनविज्ञ छन् ।

मर्स्याङ्दी करिडोर (हिमालबाट आएको कर्मदा नदी)अन्तर्गत तनहुँको भानु नगरपालिका–१ सतीघाट (गाईथुने)मा भानुभक्तको पार्थिव शरीरको अन्त्येष्टि गरिएको थियो । ऐतिहासिक एवं धार्मिक रूपमा परिचित सतीघाटको बारेमा अधिकांश मानिस अनविज्ञ छन् । भानुभक्तसँग सम्बन्धित स्थानको संरक्षण र संवर्द्धनमा स्थानीयवासीले चासो नदिँदा विशेष महत्व राख्ने यो क्षेत्र ओझेलमा परेको हो । तत्कालिन समयमा नेपालका सनातनी ब्राम्हणले आफ्नो अन्त्यावस्था तीर्थस्थलमा बिताउने अभिलाषा राख्दथे । सोही अनुरूप भानुभक्तलाई पनि अन्त्यावस्थामा मर्स्याङ्दी नदीको सतीघाट (गाईथुने)मा लगि जलाश्रयमा राखिएको शिलापत्र उल्लेख छ । यो घाट चुँदीबैँसीबाट करिब दुई कोस पूर्वमा पर्दछ । यस ठाउँ डुम्रेबाट भन्सार हुँदै लमजुङतर्फ जाने मुख्य राजमार्गको नजिकै पर्दछ । सतीघाटमा दुई वटा घाट रहेका छन् । दुई घाटमध्ये माथिल्लो मन्दिर रहेको स्थानमा भानुभक्तको अन्त्येष्टि गरिएको बताइन्छ । माथिल्लो घाटमा तत्कालिन समयमा समाजमा ख्यातिप्राप्त व्यक्तित्वको अन्त्येष्टि गर्ने प्रचलन रहेको थियो । आचार्यसँग सम्बन्धित केही पुस्तकमा सतीघाटका बारेमा उल्लेख भएपनि यसको विकास र प्रवर्द्धन हुन सकेको छैन । तत्कालिन समयमा एक जना लोहनी थरका व्यक्तिको पाँच वटी श्रीमती एकैसाथ सती गएपछि यस घाटको नाम सतीघाट भएको कथन छ। राष्ट्रिय विभूति आदिकविको समाधिस्थलको प्रचारप्रचार गरी यस स्थानलाई धार्मिक तीर्थस्थलको रूपमा विकास गर्न सकिन्छ । भानुभक्तको नामबाट नामकरण भएको नगरपालिकाले समाधिस्थलको संरक्षण, प्रवर्द्धन र विकासलाई प्राथमिकतामा राख्ने बताउने गरेपनि काम अगाडि बढाउन सकेको छैन । जन्म, वाल्यावस्था र वृद्धावस्थाका साथै उहाँसँग सम्बन्धित विभिन्न विषयका बारेमा विभिन्न पुस्तक तथा शिलापत्रमा उल्लेख भएका छन् । समाधिस्थलको प्रचारप्रसार नहुँदा चर्चामा पर्न सकेको छैन । सतीघाटलाई भानुभक्तको समाधिस्थलका रूपमा मात्रै नभएर धार्मिक तथा ऐतिहासिक क्षेत्रका रूपमासमेत लिने गरिएको छ ।

डुम्रे–भन्सारमा सामान ढुवानीसँगै मुख्य आवतजावतको स्थलका रूपमा पनि सतीघाट परिचित थियो । डुम्रे बजार मुख्य व्यापारिक केन्द्र हुँदा आवश्यक सामग्री ल्याएर बिक्री वितरणका लागि यही बाटोमार्फत डुङ्गा, काठको फेरीको प्रयोग गरी मर्स्याङ्दी नदी हुँदै गोरखा, नुवाकोट, काठमाडौं पुग्ने गरिन्थ्यो । सतीघाट परापूर्वकालदेखि नै धार्मिक एवं ऐतिहासिक रूपमा महत्वपूर्ण छ । धार्मिक एवं ऐतिहासिक महत्व बोकेको यस स्थानको विकास र संरक्षणका लागि गुरूयोजना निर्माण गर्ने योजनामा नगरपालिका छ । सतीघाट संरक्षण समिति वा संवर्द्धन समिति निर्माण गरी गुरू योजनामार्फत यस क्षेत्रको संरक्षण र प्रवर्द्धन गर्ने तयारी गरिएको पनि छ । बाइस्से/चौबिस्से राज्यका बेलामा सेनाले पदयात्रा गर्ने मुख्य नाका नै सतीघाट क्षेत्र रहेको उल्लेख छ । बाइस्से/चौबिस्से राज्यका बेलामा सेनासहित पृथ्वीनारायण शाहले यही बाटो प्रयोग गरेको इतिहासमा उल्लेख गरिएको छ । राज्य एकीकरणको समयमा कालु पाण्डे लगायतका सेना सतीघाट (मर्स्याङ्दी नदी) पार गरी आवतजावत गर्ने मुख्य बाटोका रूपमा थियो भनिन्छ। तनहुँसुरका राजा, गोर्खाली राजा एक ठाउँबाट अर्को ठाउँसम्म पुग्ने मुख्य नाका पनि यही भएकाले यस क्षेत्र विशेष महत्वपूर्ण छ । स्थानीय पालिकाले यस क्षेत्रको सामयिक विकासमा ध्यान दिनुपर्दछ । साथै स्थानीयले पनि सतिघाट क्षेत्रको विकास र प्रवर्द्धनका लागि सरोकारवाला निकायलाई झकझाउन आवश्यक छ ।

# आवरणमा कत्ति भर नपरौं, सतहमा पुगौं

धेरै राजनीतिज्ञहरूको विचार सुनियो। २०४६ सालयताका घटनाक्रमहरूले उनीहरूमा थोरै सकारात्मक र बढी नकारात्मक असर पारेको पाइन्छ । कतिपय व्यक्तिहरूले देशभित्र वामशक्ति नै छैन भन्ने तर्क पनि गर्छन्। यद्यपि उनीहरूको कुरा बाह्य रूपमा सहीजस्तो देखिए पनि गहिराइमा त्यो विचार ठिक होइन। यसलाई "मेरो गोरुको बाह्रै टक्का" भन्ने संकुचित सोचले बुझ्न सकिँदैन, बरू राजनीतिक रूपमा गहिरो अध्ययन आवश्यक हुन्छ।

२०४६ सालपछि भएका विद्रोह, विध्वंस, सामाजिक–राजनीतिक विचलन र विकृत व्यवहारले समाजमा बढी नकारात्मक असर पारेको देखिन्छ। नैतिक पतनबाट सरकारमा पुगेकादेखि हतियार उठाएर सत्ता साझेदारी गरेका व्यक्तिहरु आज पनि हाम्रो बीचमा छन्। उनीहरु हिजो जहाँ थिए, आज त्यही स्थानमा छैनन्।

एकथरिले समाजमा हुने घटनालाई सबै बाह्य शक्तिको उपज भन्छन् भने अर्काथरिले त्यही विद्रोह र विध्वंसलाई बेहोर्नुपर्‍यो। पहिलो जनआन्दोलनबाट आएको बहुदलीय व्यवस्थालाई सदुपयोग गर्न नसक्नु राजनीतिक दलहरूको ठूलो भूल थियो। यदि त्यतिबेला संविधानसभा निर्वाचनमा सहमति भएको भए देश धेरै अघि बढिसकेको हुन्थ्यो, जनधनको क्षति हुँदैनथ्यो र विदेशी हस्तक्षेपको अवसर पनि कम हुन्थ्यो। विदेशी चलखेल हाम्रो आफ्नै कमजोरीका कारण सम्भव भएको हो।

वि.सं. २०६३ पछि अन्तरिम सरकारले २०६४ मा संघीयता भित्र्यायो, जसलाई कतिपयले अर्को ठूलो राजनीतिक भूल मान्छन्। २०७२ को संविधानले संघीयतालाई संवैधानिक मान्यता दियो। संघीयताले देशलाई आर्थिक रूपमा कमजोर बनायो, ऋणी बनायो भन्ने आरोप पनि लाग्दै आएको छ। उद्योग–कलकारखाना बन्द भए, निजीकरणको नाममा लिलाम गरिए भन्ने गुनासो छ। यस्ता विषयमा दलहरूले खुला समीक्षा गर्न ढिलाइ गरिरहेका छन्।

संविधानसभामार्फत संविधान निर्माणको जनताको माग पूरा भयो। तर संविधानका बढी देखिन्छ। उदाहरणका रूपमा कांग्रेसमा भएको विशेष महाधिवेशनलाई कतिपयले विद्रोह भने। तर के नीतिगत परिवर्तन भयो? यदि नेतृत्व परिवर्तन मात्र भयो भने त्यसलाई नीतिगत विद्रोह भन्न सकिँदैन। पद खोस्ने–खोसाउने प्रतिस्पर्धालाई विद्रोहको नाम दिनु भ्रमपूर्ण हुन्छ।

राजनीति उमेरको आधारमा होइन, क्षमता र दृष्टिकोणका आधारमा मूल्यांकन हुनुपर्छ। वृद्ध भए पनि यदि विचार, राष्ट्रप्रेम र जनहितप्रतिको प्रतिबद्धता छ भने त्यो अनुभव अमूल्य हुन्छ। त्यस्तै, युवाको जोस र अग्रसरताले ऊर्जा दिन्छ। युवा जोस र अनुभवी विचारको संयोजनले मात्र राष्ट्रियता र लोकतन्त्रको बलियो जग बस्न सक्छ । तर वृद्ध नेतृत्वले समयमै जिम्मेवारी हस्तान्तरण गरी संरक्षकको भूमिका लिनु पनि उत्तिकै आवश्यक छ।

पछिल्लो समय भएका आन्दोलनहरु, जसले जनधनको ठूलो क्षति गराए, तिनबाट कसले फाइदा उठायो भन्ने प्रश्न



नीति, सिद्धान्त र अनुशासनविहीन व्यक्तिहरूले सत्ताको सपना देख्दा नागरिकले सजग रहनुपर्छ। चिप्ला नारामा नअल्झिएर विवेकपूर्ण निर्णय गर्नु समयको माग हो। हिजो भ्रष्टाचार अन्त्यको नारा दिनेहरू नै आज दल दर्ता गरी वा अरू दलमा समाहित भई राजनीतिमा सक्रिय छन्। यस्ता घटनाले रणनीतिक स्वार्थ प्रस्ट पार्छन्।

सुरेशकुमार पाण्डे

साहसको रूपमा प्रशंसा गर्छन्। विद्रोह गर्नुलाई कतिपयले उनीहरूको हिम्मतका रूपमा व्याख्या गरेको पाइन्छ। तर हाम्रो देशका सचेत वर्गको नकारात्मक बुझाइले देश उँभो लाग्दैन। ३८ वर्षको अवधिमा भएका साना–ठूला संघर्षले पनि बहुदलीय जनवादको अभ्यास सफल हुन नसक्नुको मूल कारण यही हो—विरोधका लागि विरोध र समर्थनका लागि समर्थन। सही र गलत छुट्याउन नसक्नुले जटिल अवस्था सिर्जना गरेको छ।

अहिले कार्यनीतिक सवालमा बहुदलीय प्रतिस्पर्धा देखिए पनि वास्तविकता फरक छ। क्रान्तिकारी राजनीतिक शक्तिले चुनावलाई देश र जनताको हितमा उपयोग गर्ने कार्यनीति बनाएकाले जनतामा भ्रम छ। तर उनीहरूले चुनावलाई जीवन–मरणको प्रश्न बनाएका छैनन्। यसबारे जनताले स्पष्ट बुझ्न आवश्यक छ।

बौद्धिक वर्गले पनि कुनै घटनालाई स्वतन्त्र विवेकले होइन, आफू आबद्ध दलको चस्माबाट मूल्यांकन गर्ने प्रवृत्तिले समस्या झन् बल्झिएको छ। देश र जनताको हितमा उठेका न्यायका आवाजलाई गलत ढंगले विश्लेषण गर्नु हाम्रो दुर्भाग्य बनेको छ।

उदाहरणका लागि, २०४६ सालमा संविधानसभाको निर्वाचनको उपेक्षा गरियो, जसको परिणामस्वरूप २०५२ देखि २०६२/६३ सम्म देशले ठूलो विध्वंस कमजोरीलाई मैत्रीपूर्ण ढंगले समाधान गर्नुको सट्टा दलहरूबीच तनातनी, मनमुटाव र आपसी अविश्वास बढ्यो। परिणामस्वरूप, कसैले उठाएको सही मुद्दासमेत अर्को दलले विरोध गर्ने प्रवृत्ति विकसित भयो। "उसले भ्रष्टाचार गर्‍यो भने मैले किन नगर्ने ?" भन्ने मानसिकता फैलियो। यसले विदेशी शक्तिलाई फाइदा उठाउने अवसर दियो।

देशभित्र आईएनजीओ/एनजीओहरूले व्यापक स्थान पाए। हिजो सर्वहाराको कथा बोकेर हिँड्नेहरु आज विदेशी विचार र एजेन्डा बोकेर हिँड्न थाले। पैसाको प्रभावले राजनीतिक संगठनहरु सक्रिय देखिन थाले। यो प्रवृत्ति प्रायः सबै दलभित्र कुनै न कुनै मात्रामा देखिन्छ।

भ्रष्टाचारले जनता आक्रान्त भएपछि विद्रोही विचारले स्थान पायो। विदेशी शक्तिले आर्थिक सहयोगमार्फत त्यस्ता आन्दोलनमा प्रभाव जमाए भन्ने आरोप पनि लाग्दै आएको छ। समाजमा हुने पटक–पटकका विस्फोट र विद्रोह अन्याय, अत्याचार र भ्रष्टाचारकै उपज हुन्। तर यस्ता आन्दोलनलाई मौकापरस्तहरूले उपयोग गर्ने प्रयास पनि गर्दै आएका छन्।

कतिपय पार्टीभित्र देखिने 'विद्रोह' पनि नीतिगत भन्दा पदलोलुपताको परिणाम उठेको छ। निर्दोष नागरिकले ज्यान गुमाउँदा र सम्पत्ति नष्ट हुँदा पनि अन्ततः राजनीतिक लाभ कसलाई पुग्यो भन्ने समीक्षा आवश्यक छ। सत्ता र कुर्सीको लडाइँमा जनताको पीडा ओझेलमा पर्नु हुँदैन।

नीति, सिद्धान्त र अनुशासनविहीन व्यक्तिहरूले सत्ताको सपना देख्दा नागरिकले सजग रहनुपर्छ। चिप्ला नारामा नअल्झिएर विवेकपूर्ण निर्णय गर्नु समयको माग हो। हिजो भ्रष्टाचार अन्त्यको नारा दिनेहरु नै आज दल दर्ता गरी वा अरु दलमा समाहित भई राजनीतिमा सक्रिय छन्। यस्ता घटनाले रणनीतिक स्वार्थ प्रस्ट पार्छन्।

अहिलेको अवस्थामा नागरिक सचेत हुनैपर्छ। आवरणमा नफसी सतहमा पुगेर असली अनुहार चिन्न सक्नुपर्छ। आˆ नो अमूल्य मत प्रयोग गर्दा राष्ट्रिय अखण्डता, संविधानको रक्षा, संघीयता लगायत असमान सन्धि–सम्झौताका विषयमा स्पष्ट दृष्टिकोण राख्ने शक्तिलाई मूल्यांकन गर्नुपर्छ। देशको हितमा संघर्षरत राजनीतिक शक्तिलाई बलियो बनाउनु नागरिकको कर्तव्य हो।

अन्ततः, लोकतन्त्रमा अन्तिम निर्णय जनता नै हुन्। आवरणभन्दा पर गएर सत्यको सतहमा पुग्ने साहस नै देशलाई सही दिशातर्फ लैजाने आधार बन्न सक्छ।

www.bhanjyangnews.com

## तपाईको आज

**मेष**
प्रतिष्ठित काम गरेर समाजमा स्थापित हुने समय छ। काम देखाएर उपलब्धि हातपार्ने मौका छ।

**वृष**
नयाँ काम वा नोकरी प्राप्त हुन सक्छ। तारिफयोग्य काम सम्पादन गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ।

**मिथुन**
विशिष्ट व्यक्तित्वहरूसँग मित्रता बढ्नेछ। सामाजिक कामले पदीय दायित्व समेत दिलाउन सक्छ।

**कर्कट**
समस्या दर्साउँदा सहयोगीहरु जुट्नेछन् र काम सफल हुनेछ। धार्मिक मनोवृत्ति बढ्नेछ।

**सिंह**
विशेष व्यक्तिसँग भेटघाट हुने समय छ। आम्दानीको स्रोत सबल बन्नुका साथै दिगो काम प्रारम्भ हुनेछ।

**कन्या**
ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। स्वास्थ्यमा पनि केही कमजोरी अनुभूति हुनेछ।

**तुला**
साताको प्रारम्भमा विभिन्न अवसर प्राप्त हुनेछन्। मिहिनेतले प्रतिद्वन्द्वीहरूलाई परास्त गर्न सफल भइनेछ।

**वृश्चिक**
आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ। आँट गर्दा चिताएको काम सजिलै सम्पादन हुनेछ।

**धनु**
मिहिनेतले आम्दानीको दिगो स्रोत जुटाउन सक्छ। व्यापार र उद्योगमा फाइदा हुनेछ। मानसम्मान प्राप्त हुनेछ।

**मकर**
आफन्तको सहयोग जुट्नाले काम बनाउन सकिनेछ। बुद्धिको उपयोगले लक्ष्य प्राप्ति हुनेछ।

**कुम्भ**
सहयोगीहरु जुट्नाले महत्वपूर्ण काम बनाउन सकिनेछ। बुद्धिको उपयोगले लाभ उठाउन सकिनेछ।

**मीन**
मिहिनेतले आँटेको काम सम्पादन हुनेछ। आर्थिक क्रियाकलापमा फाइदा हुनेछ।

# निर्वाचनमा गण्डकी प्रदेश : जलवायु .......

गोरखा दरबार, नवलपुरका गोरक्षमोक्षधाम, कैलाश आश्रम, वाल्मिकी आश्रम, मौलाकालिका, लमजुङको कालिका, तनहुँको ढोरबराह, छाब्दीबराह, थानीमाई, देवघाट आदि धार्मिक पर्यटकीय गन्तव्य हुन् । त्यस्तै स्याङ्जाको आलमदेवी, छायाँ क्षेत्र, बागलुङको कालिका, नवलपुर क्षेत्रका गजेन्द्र मोक्षधाम, कैलाश आश्रम, वाल्मीकि आश्रम, मौलाकालिका आदिलाई धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने यहाँका मतदाता बताउँछन् ।

साहसिक पर्यटनको गन्तव्यसमेत रहेको गण्डकी प्रदेशभित्र पोखरामा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालय, जीप लाइन, बञ्जी, अल्ट्रालाइटजस्ता पर्यटकीय गतिविधि सञ्चालनमा छन् भने पर्वत, बागलुङजस्ता स्थानहरूमा साहसिक पर्यटनसँग जोडिएका अग्ला लामा पुलसँगै बञ्जी आदि रहेका छन् । पदयात्रा पर्यटनमा आकर्षक मानिएको प्रदेशभित्र अन्नपूर्ण चक्रीय पदमार्ग, मर्दी तथा माछापुच्छ्रे नमूना पदमार्ग, धौलागिरि पदमार्ग आदिका साथै नेपालको एकमात्र मध्यपहाडी क्षेत्रको तनहुँको दुलेगौंडादेखि स्याङ्जाको रामबाछा जोडिने मिलेनियम ट्रेक पनि यही प्रदेशमा पर्दछ ।

पछिल्लो समयमा प्रवर्द्धन र विकास गर्न खोजिएको कास्कीको सिकलेस, ताङतिङ, लमजुङ घनपोखरा, सिउरुङलगायत स्थानबाट सुरु भई दूधपोखरी हुँदै मनाङको तिमाङसम्म जोडिने गुरुङ सम्पदा पदमार्ग पदयात्रा पर्यटनको आकर्षक गन्तव्यका रूपमा विकास हुँदै गएको पर्यटन व्यवसायी बोबरजङ्ग गुरुङले बताउनुभयो।

पदयात्रा पर्यटनसँगै गण्डकी प्रदेशको पर्यटकीय विकास नै यहाँको प्रमुख आवश्यकता रहेको उहाँले बताउनुभयो । गाउँ पर्यटनमा पनि उत्तिकै आकर्षक यस प्रदेशमा नेपालमा नै पहिलो घरवास सञ्चालन भएको सिरूवारीदेखि बागलुङको ढोरपाटन, लमजुङको घलेगाउँ हुँदै नवलपुरको अमलटारी, पिपरह आदि थुप्रै घरवासहरु पर्यटकलाई स्वागत गरिरहेका छन्। कृषिको विकास पनि यस प्रदेशको अर्को प्रमुख सम्भावना हो । स्याउ फल्ने हिमाली भेगदेखि अन्नको उर्बर भूमि तराईको नवलपुरसम्मका क्षेत्रमा भौगोलिक अवस्थिति अनुसार विभिन्न कृषिजन्य उत्पादन गर्न सकिन्छ । कृषिमा राज्यले चासो दिन सक्ने हो भने प्रदेशले देशका अन्य प्रदेशमा पनि यहाँको खाद्यान्न पुर्‍याउन सक्ने अगुवा कृषकहरु बताउँछन् ।

राज्यले कृषकहरुलाई प्रोत्साहित गर्ने किसिमका कार्यक्रम ल्याउनुपर्ने कास्कीको सुरौदी क्षेत्रका अगुवा कृषक रमेश आचार्य बताउनुहुन्छ । "यस क्षेत्रमा कृषिका धेरै सम्भावना भएर पनि त्यसको उजागर हुन सकेको छैन", उहाँले भन्नुभयो, "हाम्रा नदीनालाहरु सिँचाइका लागि उपयोग हुनुपर्नेमा तिनीहरूको कटान नियन्त्रण गर्न नसक्दा बर्सेनि खेतीयोग्य जमिनहरु पनि बगरमा परिणत भइरहेको छ।" भएका नदीनालाहरूले बर्सेनि गर्ने गरेको कटान नियन्त्रण गर्दै त्यसको पानीलाई सिँचाइका लागि उपयोग गर्ने वातावरण निर्माण गर्नु अपरिहार्य भएको उहाँले बताउनुभयो ।

पछिल्ला समयमा कृषिप्रतिको अनिच्छा एवं बसाइँसराइका कारण खेतीयोग्य जमिनहरु बाँझा हुँदै गएका अवस्थामा राज्यको कृषकमैत्री नीति र प्रोत्साहन गर्ने किसिमका कार्यक्रम अपरिहार्य भएको उहाँको भनाइ छ । आसन्न निर्वाचनमा कृषकका यिनै समस्याको समाधान गर्ने गरी उम्मेदवारहरूसँग प्रतिबद्धता खोजिने उहाँले बताउनुभयो । पछिल्ला समयमा यस प्रदेशमा बाँदरको समस्या पनि गम्भीर रूपमा देखिएको कृषकहरूको दु:खेसो छ । बाँदरकै कारण खेतीपातीमा समस्या परिरहेको बताउँने कृषकहरु यसको नियन्त्रणका लागि तत्कालै राज्यका तर्फबाट उचित ध्यान दिनुपर्ने बताउँछन् । निर्वाचनमा भोट माग्न आउने उम्मेदवारहरूसँग बाँदरको नियन्त्रणका लागि उचित पहल बढाउनका लागि पनि प्रतिबद्धता खोज्ने कृषकहरूको तयारी छ ।

गण्डकी प्रदेशमा रहेर पनि प्रदेशको राजधानी आउन बागमती प्रदेश हुँदै घुमेर आउनुपर्ने बाध्यताको अन्त्य हुनुपर्ने विषय नवलपुरवासीले गर्दै आएका छन्। नवलपुरबाट सीधा तनहुँको भिमादहुँदै पोखरा आउन सकिने भए पनि त्यस मार्गलाई अझै व्यवस्थित गर्न नसक्दा आफूहरु समस्यामा परिरहेको नवलपुरस्थित फारमका स्थानीयवासी बलराम आचार्यले बताउनुभयो । "नवलपुरबाट भिमाद हुँदै सीधा आउने बाटो भएर पनि त्यसलाई उचित व्यवस्थापन गर्न नसक्दा यस क्षेत्रका स्थानीयले प्रदेशको राजधानी पुग्न पनि चितवन हुँदै घुमेर आउनुपर्ने अवस्था छ", उहाँले भन्नुभयो, "नवलपुरबाट भिमाद हुँदै पोखरा आउने बाटोलाई व्यवस्थित रूपमा सञ्चालन गर्नेतर्फ राज्यको तत्काल ध्यान पुग्नु जरूरी छ ।"

आसन्न निर्वाचनका उम्मेदवारसँग प्रदेश राजधानीसँगको सिधा पहुँचका लागि यस बाटोलाई सुव्यस्थित रूपमा सञ्चालन गर्ने विषयलाई प्राथमिकताका साथ उठाउने उहाँले बताउनुभयो । पछिल्लो समयमा रोजगारीको समस्या पनि यहाँको ज्वलन्त समस्याका रूपमा रहेको बताउँदै उहाँले रोजगारीको सुनिश्चितका लागि उचित पहल हुनुपर्ने बताउनुभयो । स्वदेशमा नै रोजगारी सिर्जना गर्न सकेमा बढ्दो युवा पलायनलाई रोक्न सकिने बताउँदै उहाँले त्यसतर्फ राज्यको ध्यान पुग्नु जरूरी रहेको बताउनुभयो ।

गण्डकी प्रदेशमा आसन्न निर्वाचनका लागि कुल १८ लाख ७० हजार ६५ जना मतादाता रहेका छन् । यसमा महिला मतदाता नौ लाख ५५ हजार ५१६ जना, पुरूष मतदाता नौ लाख १४ हजार ५३५ जना र अन्य १४ जना रहेको प्रदेश निर्वाचन कार्यालय पोखराले जनाएको छ । यस प्रदेशका १८ वटा निर्वाचन क्षेत्रमा विभिन्न २१ राजनीतिक दलसहित स्वतन्त्र उम्मेदवारहरु चुनावी प्रतिष्पर्धामा छन् । प्रदेशमा सबैभन्दा थोरै मतदाता भएको मनाङमा छ हजार ८४९ जना मतदाता रहेका छन् । मनाङमा निर्वाचनका लागि २८ वटा मतदानस्थल निर्धारण गरिएको छ । प्रदेशको सबैभन्दा धेरै मतदाता रहेको कास्की जिल्लाका तीनवटा निर्वाचन क्षेत्रमा कुल दुई लाख ९३ हजार ८८ मतदाता हरेकामा १५० मतदानस्थल निर्धारण गरिएको छ । रासस

# बन्दीपुर गाउँपालिका र ........

**मासिक नि:शुल्क स्वास्थ्य परीक्षण**

यस्तै, महिनामा एक दिन सञ्चालन हुने नि:शुल्क स्वास्थ्य परीक्षण कार्यक्रमअन्तर्गत माघ २० गते बन्दीपुर गाउँपालिका–२ स्थित कुकुर्दी आधारभूत स्वास्थ्य सेवा केन्द्रमा ८४ जनाले सेवा लिएका थिए । कार्यक्रममा डा. रजनी कुमारी यादव, स्वास्थ्य सहायक दिवस पौडेल लगायतको टोली सहभागी थियो ।

माघ २१ गते सुकौरा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा आयोजित कार्यक्रममा ६९ जना लाभान्वित भएका छन्। तीमध्ये ४७ महिला र २२ पुरूष रहेका थिए । कार्यक्रममा डा. सुश्मिता खड्का क्षेत्री सहितको चिकित्सकीय टोली खटिएको थियो।

माघ १६ गते बन्दीपुर अस्पताल परिसरमा सञ्चालन गरिएको एकीकृत विशेषज्ञ स्वास्थ्य शिविरमा कुल ३१४ जनाले सेवा लिएका छन्। तीमध्ये २२२ जना शिविरका सेवाग्राही र ९२ जना नियमित बिरामी रहेको अस्पतालले जनाएको छ ।

शिविरमा स्त्री तथा प्रसूति रोग, हाडजोर्नी, छाला, मानसिक स्वास्थ्य, बाल रोग, दन्त सेवा, इन्टरनल मेडिसिन, रेडियोलोजी (भिडियो एक्स–रे), ईसीजी तथा ब्लड सुगर परीक्षण सेवा प्रदान गरिएको थियो । आवश्यक औषधि समेत नि:शुल्क वितरण गरिएको जनाइएको छ ।

**एचपीभी खोप अभियान सञ्चालन**

यस्तै, पाठेघरको मुखको क्यान्सर रोकथामका लागि बन्दीपुर गाउँपालिकाले एचपीभी खोप अभियान विद्यालय केन्द्रित रूपमा सञ्चालन गर्ने भएको छ । खोप अभियान प्रभावकारी बनाउन पालिका स्तरीय समन्वय समिति, स्वास्थ्यकर्मीलाई अभिमुखीकरण गरिएको छ ।

गाउँपालिका र अस्पतालको सहकार्यमा सञ्चालन भइरहेका कार्यक्रमले ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवा पहुँच विस्तारमा सकारात्मक प्रभाव पारिरहेको गाउँपालिकाका अध्यक्ष थापाले बताए । आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिइने उनले बताए ।

गाउँपालिका अध्यक्ष थापाले भने, 'ग्रामीण समुदायमा स्वास्थ्य चेतना अभिवृद्धि गर्दै समयमै रोग पहिचान र उपचार सुनिश्चित गर्न यस्ता घुम्ती शिविरले महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ । स्थानीय तह, स्वास्थ्य संस्था र समुदायबीचको सहकार्यले मात्रै यस्ता कार्यक्रम दीर्घकालीन रूपमा सफल हुने हुँदा सरोकारवालाले निरन्तर सहयोग र समन्वय खाँचो रहेको छ ।'

**सुनौलो हजार दिनको यो सुनौलो यात्रामा यहाँहरूलाई आफ्ना बच्चाहरूको तौल लिनको लागि अनुरोध गर्दछौ**

**महिला** : बच्चा लिएर कता लाग्नु भो त दाईभाउजु ? हरेक महिना बच्चा लिएर स्वास्थ्य चौकी गएको देख्छु त ?
**भाउजु** : के हुनु नि, बच्चाको तौल लिनको लागि प्रत्येक महिना जान्छु नि ।
**महिला** : प्रत्येक महिना तौल लिन रे ! के हुन्छ र तौल लिएर? हामीले त आफ्नो बच्चाहरूलाई केही गरेनौ त ।
**भाउजु** : बच्चा को उमेर अनुसार तौल बढेको वा न बढेको थाहा पाउन को लागि यो गर्नु पर्छ, बुझ्नु भो । अनि थाहा छ, बच्चाको उमेर अनुसार तौल बढेमात्रै उसको शारीरिक र मानसिक बिकास भएको मानिन्छ साथै तौल लिए मात्र बच्चा कुपोषित छ कि छैन भनेर थाहा पाउन सकिन्छ ।
**महिला** : कति बर्ष सम्म तौल लिनु पर्छ र ?
**भाउजु** : कम्तिमा पनि बच्चा दुई वर्ष नहुन्जेलसम्म हरेक महिना बच्चाको तौल लिनु पर्छ ।
**महिला** : पख्नुस त्यसो भए म पनि आफ्नो बच्चालाई लिएर आउछु अनि संगै जाउला .....

**सुनौलो हजार दिन को यो सुनौलो यात्रामा बच्चा जन्मेदेखि दुइ बर्षसम्म हरेक महिना स्वास्थ्य संस्थामा गएर बच्चाको तौल लि बच्चाको उमेर अनुसार तौल रहेको वा न रहेको अनुगमन गर्नुहोस् ।**

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**प्रदेश जनस्वास्थ्य कार्यालय**
दमौली, तनहुँ, नेपाल

बन्दीपुर गाउँपालिका
गाउँ कार्यापालिकाको कार्यालय
**बन्दीपुर अस्पताल**
बन्दीपुर–४, तनहुँ । गण्डकी प्रदेश, नेपाल

**बिधुत/लाईन काटिने सम्बन्धी सात दिने सूचना**

मिति : २०८२/१०/२८

श्री Websurfer Nepal Communication System Pvt. Ltd.
केन्द्रीय कार्यालय, धुम्बाराही, काठमाडौं ।

बन्दीपुर अस्पताल व्यवस्थापन समितिको मिति २०८२/०२/२९ गतेको निर्णयानुसार बन्दीपुर अस्पतालको आ.ब. २०८१/०८२, च.नं. ३६७, मिति २०८२/०३/०२ गतेको पत्र बमोजिम तहाँ कार्यालयलाई यस अस्पतालद्वारा यस बन्दीपुर अस्पतालको चिकित्सक आवास गृह माथि तहाँ कार्यालयको एन्टिना/टावर लगायतका उपकरणहरू राखिएको सम्बन्धमा कुन मिति समयमा के कसो सम्झौता भई राखिएको हो सो सम्बन्धमा लिखित रूपमा पत्राचार गरी जानकारी माग गर्ने निर्णयानुसार तहाँको कार्यालयमा साबिकका लिखित सम्झौता रहे सोको प्रतिलिपि सहित वा अन्य केही जानकारी रहे सोको लिखित रूपमा जानकारी निबेदन पेश गर्नुहुन निर्णयानुसार अनुरोध गरिएको, तहाँको कार्यालयका प्रतिनिधिहरूलाई पनि जानकारी गरिएतापनि पत्राचार गरेको सात महिना पुगिसक्दा समेत सम्झौतासंग सम्बन्धित विवरणहरू उपलब्ध नगर्नुभएको हुँदा आजका मितिदेखि सात दिनसम्म पनि सम्झौतासंग सम्बन्धित कागजपत्रहरू पेश नगर्नुभएमा सो एन्टिना/टावर अनधिकृत रूपमा राखिएको ठहर गर्दै अस्पतालको आवासबाट जोडिएको बिधुत/लाईन काटिने व्यहोरा जानकारी गरिन्छ ।

**नोट** : यो व्यहोराको पत्र पटक पटक इमेल admin@websurfer.com.np, bishnu.joshi@websurfer.com.np र मोबाइल नम्बर 9801040465 मार्फत समेत जानकारी गराइएको भएपनि कुनै सुनुवाई नभएको ।

**मेडिकल सुपरिटेण्डेन्ट**

**'नून थौरै खाऔं तर सही मात्रामा आयोडिन भएको दुई बालबालिकाको चिन्ह भएको प्याकेटको मात्र खाऔं'**

**शरिरले प्रयाप्त मात्रामा आयोडिन नपाएमा के हुन्छ ?**
गर्भ तुहिने, मरेको बच्चा जन्मने, अविकसित दिमाग, शारीरिक विकलांग भएको बच्चा जन्मने, गलगाँड आउने, थाइरोइड सम्बन्धी रोग, मानसिक क्षमतामा कमि, शारीरिक तथा सामाजिक समस्या ।

**साथै :**
- शक्तिको कमि (निद्रा लाग्ने, अल्छि लाग्ने)
- सुस्त मनस्थिति
- शारिरीक विकास नहुने (बामपुड्के, बहिरोपन आदि)
- बोलीको विकास नहुने ।




**याद राखौ :**
१. आयोडिन हाम्रो शरीरलाई आवश्यक सुक्ष्म पोषक तत्व हो, यो हामीले खाने खानाबाट मात्र चाहिने मात्रामा पूरा नहुने हुँदा दुई बालबालिकाको चिन्ह भएको नुन मार्फत खाने कुरामा राखी खानु आवश्यक छ।
२. दैनिक रूपमा ५ ग्राम (एक चिया चम्चा) भन्दा कम दुई बालबालिकाको चिन्ह भएको प्याकेटको नून खाऔं
३. आयोडिनयुक्त नूनलाई घाम र पानीको प्रभाव नपर्ने गरी सुरक्षित तरिकाले राख्ने गरौं ।
४. आयोडिनयुक्त नून खान छोडेमा आयोडिनको कमीले हुने विकृतिहरू पुन: देखिन सक्ने हुनाले यस्तो नून घरपरिवारको दैनिक खाने खानामा नियमित रूपले प्रयोग गरौं।
५. नूनमा भएको आयोडिन जोगाउनका लागि पाकिसके पछि मात्र खानेकुरामा नून राख्ने गरौं ।

**February महिना: आयोडिन महिना**

**ऋषिङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
ऋषिङ, तनहुँ । गण्डकी प्रदेश

**विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना**

**फागुन ०१ गते शुक्रबार**

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

**हाम्रा उपलब्ध सेवाहरू :**

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी नि:शुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

**फागुन ०२ गते शनिबार**

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।
२) पोखराका वरिष्ठ रेडियोलोजिष्ठ **डा. कृष्ण तिमिल्सेना**द्वारा भिडियो एक्स–रे सेवा उपलब्ध ।
३) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ पोलिक्लिनिक प्रा.लि.**
व्यास–२, अमरसिंह मार्ग, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले काम गरिरहेका छः अख्तियार प्रमुख आयुक्त राई

**रासस**/काठमाडौं

अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले मुलुकको शासन–प्रशासनमा विचौलियाको प्रभाव बढ्दै गएकामा चिन्ता व्यक्त गर्नुभएको छ । आयोगको ३५औं स्थापना दिवसका अवसरमा बुधबार आयोजित कार्यक्रममा उहाँले विगत केही वर्षयता साना प्रशासनिक कामदेखि बजेट निर्माण, योजना छनोट, उच्चस्तरीय नियुक्ति, मन्त्री चयन र सरकार परिवर्तनसम्ममा शक्तिशाली विचौलिया सक्रिय हुन थालेको नागरिकको बुझाइरहेको बताउनुभयो। हरेक काममा विचौलिया प्रवृत्तिले राज्य संयन्त्रको स्वायत्तता र सुशासनलाई कमजोर बनाउँदै लगेको उहाँको भनाइ छ।

"विगतमा फ्रन्टलाइनबाट सेवा प्रवाह गर्ने सरकारी कार्यालयमा साना खालका काममा सहजीकरणको लागि विचौलियाहरूले काम गर्ने गरेकोमा विगत ५–१० वर्षदेखि बजेट निर्माण, योजना निर्माण, महत्वपूर्ण निकायको नियुक्ति, सरूवा, बढुवा, मन्त्रीहरु नियुक्ति, सरकार परिवर्तनसम्मका कार्यका लागि शक्तिशाली विचौलियाहरूको प्रभाव बढ्दै गएको आम बुझाइ छ", प्रमुख आयुक्त राईले भन्नुभयो, "यीनै विचौलियाले सरकार र सरकारका सबै निकायलाई आफ्नो नियन्त्रणमा लिई तिनकै इशारामा चलाउन थालेको कारण राज्यमा सुशासन कायम हुन नसकेको भन्ने गुनासो आउन थालेको हुँदा राज्य सञ्चालकहरूले सबै क्षेत्रमा विचौलिया निषेध गर्न नसकेमा सुशासन नारामा मात्र सीमित हुने देखिन्छ ।"

उहाँले आयोगले संवैधानिक जिम्मेवारी अनुरूप भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान र विशेष अदालतमा अभियोजनलाई निरन्तरता दिएको स्पष्ट गर्दै अब निरोधात्मक र प्रवर्द्धनात्मक रणनीतिमासमेत जोड दिइएकोसमेत बताउनुभयो। आयोगले भ्रष्टाचारजन्य कसुरको वस्तुनिष्ठ अनुसन्धान गरी भ्रष्टाचार भएको देखिएमा विशेष अदालतमा मुद्दा दायर गर्ने संवैधानिक जिम्मेवारी पूरा गर्दै आइरहेको उहाँले बताउनुभयो । साथै सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ मा भएको पछिल्लो संशोधनअनुसार भ्रष्टाचारजन्य कसुरबाट आर्जित सम्पत्तिको शुद्धीकरणसम्बन्धी कसुरका अनुसन्धान आयोगले गर्ने भन्ने व्यवस्था भएबमोजिम आयोगले सो कसुरको समेत अनुसन्धान र अभियोजन गर्ने कार्य गर्दै आएको छ । भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धनका लागि आयोगले आफ्नो रणनीतिक योजना तर्जुमा गरी उपचारात्मक कार्यका अतिरिक्त निरोधात्मक र प्रवर्द्धनात्मक कार्य समेत गर्दै आएको उहाँले बताउनुभयो ।

आयोगले 'भ्रष्टाचारमुक्त र सचादारयुक्त सार्वजनिक क्षेत्र निर्माण 'सहितको दूरदृष्टि राखी पाँचौं रणनीतिक योजना (२०८१/८२–२०८५/८६) कार्यान्वयनमा ल्याएको र यसले उपचारात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक विधि अवलम्बन मार्फत भ्रष्टाचार न्यूनीकरण गर्ने लक्ष्य लिएको राईले उल्लेख गर्नुभयो। अहिले उच्च जोखिमयुक्त क्षेत्रलाई प्राथमिकतामा राखी अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाइएको उहाँको दाबी छ ।

उजुरी व्यवस्थापन प्रणालीमा सुधार, विज्ञ परामर्श, निजी कानुन व्यवसायीबाट बहस पैरवी, सूचना प्रविधिको प्रयोग विस्तार, अनुसन्धानका नवीन विधि र अनुसन्धान अधिकृतको विशिष्टीकृत क्षमता विकासमार्फत अनुसन्धानको गुणस्तर अभिवृद्धि गरिएको पनि प्रमुख आयुक्त राईले बताउनुभयो।

विगत पाँच वर्षमा आयोगमा एक लाख ४८ हजार ५०० उजुरी दर्ता भएका छन् । तीमध्ये एक लाख सात हजार ९१५ अर्थात् ७२.८ प्रतिशत फछ्र्योट भएको जनाइएको छ। सो अवधिमा ७०० भन्दा बढी मुद्दा विशेष अदालतमा दायर गरिएको छ । आव २०८१/८२ मा १३७ र चालु आवमा हालसम्म ९४ मुद्दा दायर भएका छन् । राज्यकोषको हानीनोक्सानी क्षतिपूर्तिका लागि पछिल्लो पाँच वर्षमा वार्षिक औसत रू चार अर्बभन्दा बढी बिगो मागदाबी लिइएको आयोगले जनाएको छ ।

आयोगप्रति सर्वसाधारणको विश्वास बढ्दै गएको उल्लेख गर्दै प्रमुख आयुक्त राईले राजनीतिक वा प्रशासनिक जुनसुकै तहका पदाधिकारीविरूद्ध पनि प्रमाणका आधारमा निर्भीकतापूर्वक अभियोजन भइरहेको दाबी गर्नुभयो । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा समेत आयोगबाट मुद्दा दायर भइरहेका छन् । नेपाल ग्रे–लिष्टबाट बाहिरिनका लागि आवश्यक सुधारात्मक क्रियाकलाप विस्तार गर्ने कार्ययोजनासमेत कार्यान्वयनमा रहेको उहाँले बताउनुभयो ।

आयोगमा उजुरी संख्या बढ्दो क्रममा रहे पनि तथ्यपरक र गुणस्तरीय उजुरीको कमी रहेको प्रमुख आयुक्त राईले औंल्याउनुभयो। छानबिनका क्रममा सम्बन्धित निकायबाट प्रमाण तथा कागजात समयमै र पूर्ण रूपमा नपाउँदा अनुसन्धान लम्बिने समस्या रहेको उहाँले बताउनुभयो । आयोगका अनुसार सार्वजनिक खरिद तथा निर्माण, बजेट विनियोजन, अनुदान वितरण, गैरकानुनी लाभ–हानि, सार्वजनिक सम्पत्तिको क्षति, घुस–रिसवत, नक्कली शैक्षिक प्रमाणपत्र, राजस्व चुहावट र गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी उजुरी बढी छन् ।

बहुवर्षीय आयोजनामा न्यून बजेट, पूर्वसम्भाव्यता अध्ययन बिना विनियोजन, मापदण्ड नपुगेका आयोजनामा स्रोत सुनिश्चितता, अबण्डा रकम राखेर वर्षबीच बाँडफाँट गर्ने प्रवृत्ति वित्तीय अनुशासनविरूद्ध रहेको आयोगको निष्कर्ष छ । आयोजना बैंकमा कानुनी प्रक्रिया पूरा भएका आयोजना मात्र प्रविष्ट गर्ने र सोही आधारमा बजेट विनियोजन गर्न तीनै तहका सरकार गम्भीर हुनुपर्ने राईले बताउनुभयो ।

खरिद योजनाबिना खरिद, प्रतिस्पर्धा सीमित गर्ने, सोझै खरिद, मेडिकल उपकरण र सूचना प्रविधि सामग्री खरिदमा पूर्वाधारबिना ठूलो लगानी, सञ्चालन योजना नबनाई संरचना निर्माण र प्रयोगविहीन सामग्री थन्क्याउने जस्ता गम्भीर विकृति बढ्दै गएको पनि उहाँले बताउनुभयो । त्यस्तै, ठेक्का व्यवस्थापनमा म्याद थप, निर्देशन अभाव र अभिलेख कमजोरीका कारण राज्यले क्षतिपूर्ति दाबीमा ठूलो नोक्सानी बेहोर्नुपरेको औंल्याउँदै सम्बन्धित पदाधिकारीलाई कानुनी जिम्मेवारीमा ल्याउनुपर्ने प्रमुख आयुक्त राईको भनाइ छ । नदीजन्य पदार्थ, खानी तथा खनिज उत्खननमा मापदण्ड उल्लङ्घन, राजस्व नउठाउने प्रवृत्ति बढेको पनि आयोगको निष्कर्ष छ ।

त्यस्तै, भन्सार मूल्यांकन वास्तविक कारोबार मूल्यमा आधारित नभएको, न्यून विजकीकरण, चोरी पैठारी, अवैध छुटजस्ता कारण राजस्व प्रशासनमा विकृति बढेको राईले बताउनुभयो। भूमि प्रशासनमा सरकारी, सार्वजनिक र वन क्षेत्रको जग्गा न्यून मूल्यमा दीर्घकालीन लिज, अतिक्रमण, हदबन्दी कार्यान्वयन नहुने, गैरकानुनी दाखिल–खारेजजस्ता समस्या देखिएको आयोगले जनाएको छ । यातायात, मालपोत, नापी, राहदानी, वैदेशिक रोजगार र अध्यागमन क्षेत्रमा अझै व्यापक गुनासो रहेको र तीसम्बन्धी उजुरी बढ्दो रहेको आयोगले जनाएको छ ।


आयोगले विभिन्न १२ विषयक्षेत्र र २४ मन्त्रालय/निकायलाई ४२८ सुझाव दिएकोमा ती सुझाव कार्यान्वयन सन्तोषजनक नरहेको र उही प्रकृतिका कसुर दोहोरिइरहेको पनि प्रमुख आयुक्त राईको भनाइ छ । "आयोगले दिएका सुझावहरूको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको छैन । बर्सेनि उही प्रकृतिको कसुर र विकृतिहरु दोहोरिरहेका देखिएका छन् । आयोगका सुझावहरूले विकास निर्माण र बजेट कार्यान्वयनमा बाधा पुर्‍याएको भनी जिम्मेवार पदाधिकारीबाट सार्वजनिक टिप्पणी हुने गरेको छ। तर कार्यसम्पादनका क्रममा भएका कमी कमजोरी सच्याउन कानुनी व्यवस्थाहरु पुनःस्मरण गराउने उद्देश्यले दिइएका सुझावहरूबाट विकासमा बाधा पुग्ने होइन, बरू सुशासन कायम गरी विकासलाई थप नतिजामुखी बनाउन सकिन्छ", उहाँले भन्नुभयो, "विधायिकाले निर्माण गरेको कानुनको परिपालना नगर्ने अनि आयोगले सुझाव दिंदा विकासमा बाधा भयो भन्ने भाष्य निर्माण गर्ने प्रवृत्तिको अन्त्य गर्नै पर्दछ । कानुन बनाएपछि त्यसको परिपालना गर्नुपर्छ; परिपालना नगर्ने हो भने कानुन नै बनाउनुहुँदैन । यदि कुनै कानुनले विकासमा बाधा पुर्‍याएको छ भने विधायिकाबाट संशोधन गर्न सकिन्छ ।"




## गण्डकीका ९९.५ प्रतिशत .....

नपुगेका घरलाई स्वघोषणा गरेर आउनसमेत मन्त्रालयले सार्वजनिक रूपमा सूचित गरेको थियो । प्रदेशका २८ वटा स्थानीय तहका एक हजार ३१७ घरमा बिजुली नपुगेको तथ्याङ्क छ । प्राधिकरणका १३ वटा वितरण केन्द्रमार्फत प्रदेशका ११ वटै जिल्लामा विद्युतीकरण गरिएको छ । लघजलविद्युत् पनि नभएका ठाउँमा घरेलु सौर्य ऊर्जा जडानका लागि प्रदेश सरकारले अनुदानको व्यवस्थासमेत गरेको छ । मन्त्रालयका अनुसार गण्डकी प्रदेशको विद्युतीकरणमा राष्ट्रिय प्रसारण लाइनको योगदान ९५.६८ प्रतिशत छ भने बाँकी लघुजलविद्युत्, नवीकरणीय ऊर्जा आदिको छ ।

राष्ट्रिय प्रसारण लाइनमा नजोडिएका मुस्ताङ, मनाङ, म्याग्दी, बागलुङ र गोरखाका आठ स्थानीय तहका एक हजार ५९६ घरमा प्रदेश सरकारको ७५ प्रतिशत अनुदानमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरिएको छ । संस्थागत सौर्य ऊर्र्जा जडान कार्यक्रमबाट विभिन्न जिल्लामा गरी कुल १९२ किलोवाट क्षमताको सौर्य ऊर्जा जडान गरिएको जनाइएको । प्रदेशमा रहेका ९० वटा लघुजलविद्युत् आयोजनाबाट तीन हजार २९५ किलोवाट बिजुली उत्पादन भइरहेको छ, जसबाट १५ हजार ४४० घरधुरीमा बिजुली पुगेको छ । रासस



**अजातशत्रु**
x.com/mahatsujit

विदेशमा बस्ने छोराछोरीले अभिभावकलाई फलानो पार्टीलाई भोट देउ, ढिस्कानो चिन्हमा छाप धस्काउ नत्र पैसा पठाउन्न वा यस्तै केही भन्नु र एकदम विपन्न/सिमान्तकृत मतदातालाई मासुभात/नगद/दारूमार्फत ललचाउनु वा भोट दिइनस भने सुरक्षा दिन्नँ आदि भनेर घुर्क्याउनुबीच केही फरक छ भने बुझाइपाउँ ।



**Dil Nisani Magar**
x.com/dil_nisani

राजनीतिक चेतना भएका मान्छेहरु नेतालाई देख्दा प्रश्न गर्छन्, बहस गर्छन्, सवाल–जवाफ गर्छन्। तर मास हिस्टेरिया भएका मान्छेहरु नेतालाई देख्दा रून्छन्, उफ्रिन्छन्, कराउछन्, चिच्याउँछन्, स्वाँस्वाँ–फ्वाँफ्वाँ गर्छन्। कुनै पनि देश मास हिस्टेरियाको भिडले बन्दैन, सचेत जनताको योगदानले बन्छ ।



**Rajendra Bajgain (Raj)**
x.com/Rajgurkha

नेपाली कांग्रेस गणतन्त्रतर्फ घिसारिएर गएको हो; त्यो यसको मौलिक एजेन्डा कहिल्यै थिएन। यो निर्णय ठीक थिएन भन्नेहरूको स्वर मलिन भयो, र "ठीक छ" भन्नेहरु देशी एजेण्ट थिए। राजाहरूबाट त्रुटि भए, कांग्रेसी नेताहरूमा मर्नेबेला मात्र राजा चाहिन्छ भन्ने प्रथा बस्यो।

नेपाली सेनामा राजा महेन्द्रको कमान्ड बलियो रहुञ्जेल देशको राष्ट्रिय अखण्डता हल्लाउने प्रयासहरु सफल हुन सकेनन् भन्ने धारणा पनि प्रबल छ। सेनालाई कुनै पनि प्रकारको विदेशी प्रभावबाट जोगाउँदै, यसको संस्थागत सुदृढीकरण र व्यापक आधुनिकीकरण गर्नु अपरिहार्य देखिन्छ– ताकि राष्ट्रिय स्वाधीनता र अखण्डता अझ सशक्त रूपमा सुरक्षित रहोस्।

रक्षाशक्ति निर्बलियो भयो भने दलहरु मार्फत प्रजातन्त्रको आवरणमा नेपाली–विदेशी दलालले देश बेच्दिन्छन् ।

# मुस्ताङको समर मतदान स्थलमा जम्मा ३६ मतदाता

**रासस**/मुस्ताङ

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हिमाली जिल्ला मुस्ताङमा कूल ३९ वटा मतदान केन्द्र तथा मतदानस्थल कायम छन् । यहाँको पाँच स्थानीय तहका ३९ मतदान केन्द्र तथा मतदानस्थलमध्ये सबैभन्दा कम मतदाता वारागुङ मुक्तिक्षेत्र–३ समरस्थित समर आधारभूत विद्यालय मतदान केन्द्रमा छन् । जिल्ला निर्वाचन कार्यालयका अनुसार यहाँको मतदानस्थलमा जम्मा ३६ जना मात्रै मतदाता छन्। एक मात्रै प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेको जिल्ला मुस्ताङमा समरस्थित समर आधारभूत मतदान स्थलपछि वारागुङ मुक्तिक्षेत्र–५ साङ्तास्थित हिमाली आधारभूत मतदान केन्द्रमा ३९ जना मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र झवालीले जानकारी दिनुभयो ।

साथै जिल्लामा सबैभन्दा बढी मतदाता घरपझोङ गाउँपालिका–४ जोमसोमको जनहित मतदान केन्द्रमा छन्। उक्त केन्द्रमा ६८९ जना मतदाता छन् । विसं २०७९ को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनपछि मतदाता नामावली अद्यावधिक हुँदा मुस्ताङमा कूल ११ हजार ३२८ जना मतदाता कायम भएका छन्। घरपझोङ गाउँपालिकामा छ वटा, थासाङ गाउँपालिकामा आठ वटा, लोघेकर दामोदरकुण्डमा १० वटा, वारागुङ मुक्तिक्षेत्रमा नौ वटा र लोमान्थाङ गाउँपालिकामा छ वटा मतदान केन्द्र तथा मतदानस्थल कायम छन् ।

मुस्ताङको घरपझोङमा कूल दुई हजार ४९२ मतदाता छन् भने जनहित मतदान केन्द्रमा ६८९ जना र सबैभन्दा कम मतदाता छैरो आधारभूत विद्यालयमा ८१ जना मतदाता छन् । थासाङ गाउँपालिकामा दुई हजार ९०७ जना मतदाता छन् । जसमध्ये सबैभन्दा बढी जनआदर्श अमरसिंह माध्यमिक विद्यालय कोवाङमा ६५३ जना र सौरू आधारभूत विद्यालय सौरूमा सबैभन्दा ६५ मतदाता छन् ।

माथिल्लो मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिकामा एक हजार ५४२ जना मतदाता छन् । जसमध्ये लोघेकर–१ चराङस्थित चराङ आधारभूत विद्यालयमा सबैभन्दा बढी ३१९ र ढि आधारभूत विद्यालय मतदान केन्द्रमा ७० जना मतदाता छन् । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा दुई हजार ३७६ जना मतदाता छन् । जसमध्ये जनशान्ति माध्यमिक विद्यालय कागबेनीमा ५२० जना र सबैभन्दा कम समर आधारभूतमा ३६ जना मतदाता छन्। माथिल्लो मुस्ताङको लोमान्थाङ गाउँपालिकामा दुई हजार ११ जना मतदाता छन् । जसमध्ये सबैभन्दा बढी राष्ट्रिय आधारभूत विद्यालयमा ६२० जना र सबैभन्दा कम दिव्यज्ञान आधारभूत चुमजुङमा १३६ जना मतदाता छन् ।

निर्वाचन आयोगले बदर मत सङ्ख्या घटाउन मतदाता शिक्षा कार्यक्रम अघि बढाएको छ। जिल्ला निर्वाचन अधिकारी लोकेन्द्र झवालीले यहाँका पाँच पालिकाले सिफारिस गरेका मतदाता शिक्षा प्रदान गर्ने व्यक्तिलाई प्रशिक्षक तालिम बुधबारदेखि सुरू हुने जानकारी दिनुभयो । उहाँले जिल्ला निर्वाचन कार्यालयले स्थानीय तहले सिफारिस गरेको व्यक्तिलाई मतदाता शिक्षा प्रशिक्षण गराइएपछि यहाँका २५ वटै वडाहरूमा मतदाता शिक्षा कार्यक्रमलाई अघि बढाइने उल्लेख गर्नुभयो ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४